सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल

**फैसला**

०७४-CR-१०५२

मुद्दाः- सवारी ज्यान।

बासुसिंह रावलको जाहेरीले नेपाल सरकार ........................................................१ पुनरावेदक वादी

विरुद्ध

जिल्ला कैलाली, धनगढी उपमहानगरपालिका, वडा नं. २ बस्ने मनोजकुमार जोशी .........................................................................................१ प्रत्यर्थी प्रतिवादी

**सुरु तहमा फैसला गर्नेः** माननीय न्यायाधीश श्री नरनारायण पौडेल
डोटी जिल्ला अदालत
फैसला मितिः २०७३।११।०५

**पुनरावेदन तहमा फैसला गर्नेः** माननीय न्यायाधीश श्री चित्रदेव जोशी
माननीय न्यायाधीश श्री दुर्गाबहादुर विश्वकर्मा
पुनरावेदन अदालत दिपायल
फैसला मितिः २०७४।०४।१०

न्याय प्रशासन ऐन,२०७३ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याइ हेरिपाउँ भनी पर्न आएको निवेदनमा यस अदालतबाट अनुमति प्रदान भई पुनरावेदनको रोहमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. मिति २०७३।०८।०१ गते बिहानको समयमा प्रतिवादी मनोजकुमार जोशीले बुडरबाट चलाई ल्याएको से १ ख ५३६ नं. को मिनी ट्रक मेरो पसल अगाडि रोकी राखेकोमा निज प्रतिवादीले हेलचक्रयाईं गरी उक्त ट्रक स्टार्ट गरी अगाडि बढाउँदा खेलिरहेको वर्ष २ को मेरो नाती सुशान्त रावलको शरीर माथि चढी एक्कासी च्यापी कानबाट गिदीसमेत निस्की नातीको घटनास्थलमै मृत्यु भएको हुँदा कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको बाजे बासु सिंह रावलको किटानी जाहेरी दरखास्त।

२. जिल्ला डोटी, छतिवन गा.बि.स. वडा नं. ८ स्थित पूर्वमा भागेश्वर सामुदायिक बन, पश्चिममा ऐ. सामुदायिक बन, उत्तरमा न्यु मल्ल होटल र दक्षिणमा भिम दत्त राजमार्ग सडक खण्डको चार किल्लाभित्र सडकखण्ड देखि ४'५" फिट टाढा मिनी ट्रकको अगाडिको चक्का, सडक देखि ६ फिट कच्चीमा पछाडिको चक्का भई रोकी राखेको अवस्थामा से १ ख ५३६ नं. को मिनि ट्रक रहेको उक्त ट्रकको पछाडिको बायाँ टायरले मृतक सुशान्त रावललाई कुल्ची घटनास्थलमै मृत्यु भएको लास सोही स्थानमा रहेको, लासको नाक, मुखबाट रगत बगेको, टाउको किचिएर नरम भएको अवस्थामा रहेको भन्नेसमेत बेहोराको घटनास्थल लाँस जाँच मुचुल्का।

३. मिति २०७३।०८।०१ गते बिहानको समयमा जिल्ला डोटी, छतिवन गा.बि.स.वडा नं.८ धारापानी स्थित न्यु मल्ल होटल र न्यु रावल होटलको आँगनमा जोगबुढाबाट धनगढीतर्फ जाने क्रममा रोकी राखेको से १ ख. ५३६ नं.को मिनी ट्रक अगाडि बढाउँदा ऐ.ऐ. बस्ने वर्ष २ को सुशान्त रावल एक्कासी उक्त ट्रकको पछाडिको बायाँ टायर मुनी च्यापिन गई घटनास्थलमै मृत्यु भएको भन्नेसमेत बेहोराको सडक दुर्घटना प्रतिवेदन।

४. मिति २०७३।०७।२७ गते दुर्घटना भएको से १ ख ५३६ नं.को मिनीट्रक मेरो भाइ मणि राज जोशीले चलाई खुद्रा समान राखी बिक्रीको लागि म समेत धनगढीबाट जोगबुढाका लागी हिंडी समान बिक्री गर्दै मिति २०७३।०८।०१ गते बिहानको समयमा मृतकको होटल अगाडि खडा गरी मृतकको बाजे र नजिकै रहेका खुद्रा पसलबाट समानको हिसाब किताब उठाउन म गई चालक भाइ त्यतिबेला उक्त मिनिट्रक बन्द गरी चाँबी आफू सँगै लगी पिसाब फेर्न भनी झाडी तिर गएको थियो हिसाब किताब गरी फर्किदा गाडीमा भाइलाई नदेखेपछि चालक भाइ र म सगोलमै बसेे हुँदा गाडीको २ वटा चाबी मध्ये

एउटा चाबी मसँग पनि रहने हुँदा आफूसँग भएको चाबीले उक्त गाडी स्टार्ट गरी अगाडि बढाउन खोज्दा अचानक मृतक सुशान्त रावल पछाडिको टायर मुनि परी च्यापिंदा घटनास्थल मै मृत्यु भएको हो। मसँग जिप कार चलाउने सवारी चालक अनुमति पत्र छ। कार जीप र मिनी ट्रकको क्लोज, ब्रेक, एक्सिलेटर, स्टेरिङ एकै प्रकारको हुने हुँदा उक्त दिन वारदातका बखत चालक भाइ मणिराज जोशीलाई गाडीमा नदेखेपछि मैले स्टार्ट गरी पसलको आँगनबाट सडकमा लैजान खोज्दा मृतक सुशान्त रावललाई अचानक ठक्कर लाग्न गई घटनास्थलमै मृत्यु भएको हो उक्त दुर्घटना मेरो लापरवाहीबाट नभई अचानक हुन गएको भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार जोशीको बयान कागज।

५. सुशान्त रावलको मृत्यु Head Injury को कारणले भएको भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन।

६. मिति २०७३।०८।०१ गते बिहानको समयमा प्रतिवादी मनोजकुमार जोशीले जाहेरवालाको पसल अगाडि से १ ख ५३६ नं. को मिनीट्रक रोकी आफूले दिएको सरसमानको हिसाब किताब गर्न जाँदा मृतक पसल अगाडि आँगनमा खेलीरहेको अवस्थामा के कति खेर उक्त रोकी राखेको मिनी ट्रकको तलभित्र खेल्दै गएको रहेछ। प्रतिवादी हिसाब किताब बुझी उक्त मिनी ट्रक स्टार्ट गरी चलाई अगाडि बढाउन खोज्दा मृतक सुशान्त रावल च्यापिन गई घटनास्थल मै मृत्यु भएको हो। उक्त दुर्घटना अचानक हुन गएको हो। मृतक सुशान्त रावलको मृत्यु सवारी दुर्घटना परेर भएकोमा मृतकका आफन्तले नियमानुसार सवारी धनीबाट पाउनुपर्ने किरिया खर्च रकम पाई सकेको छ। क्षतिपूर्ति रकम सम्बन्धमा नियमानुसार प्राप्त हुनेछ भन्नेसमेत बेहोराको शंकरबहादुर रावल रणबहादुर बिष्ट रामबहादुर रावल र जयबहादुर कार्कीको एकै मिलान घटना विवरण कागज।

७. मिति २०७३।०८।०१ गते बिहान अन्दाजी १०:०० बजेको समयमा मैले जोगबुढाबाट धनगढीका लागि चलाएको से१ख ५३६ नं.को मिनी ट्रक धनगढीतर्फ फर्किदा जाहेरवालाको होटल अगाडि रोकी स्टार्ट बन्द गरी चाबी आफूसँगै लगी म दिसा पिसाब गर्न सडक अगाडि झाडीमा गएको हुँ। दाजु मनोजकुमार जोशीले जाँदा छोडेर गएको सामानको हिसाब किताब गर्न गाडीबाट ओर्ली जाहेरवालाको पसल र सँगै रहेका खुद्रा पसलमा गएका हुन्। दाइले हिसाब गरी फर्किदा गाडीमा मलाई नदेखेपछि आफू साथ राखेको चाबीले मिनी

ट्रक स्टार्ट गरी पसलको आँगनबाट सडकमा ल्याउँदा मृतक सुशान्त रावललाई अचानक ठक्कर लाग्न गई च्यापिन गई मृत्यु भएको अवस्थामा देखेको हुँ। उक्त घटना अचानक घट्न गएको हो। उक्त दुर्घटना गराएको मिनि ट्रक मेरो नाममा दर्ता छ दाजु मनोजकुमार जोशी र म संगोल मै बस्दै आएका छौं। दुवै दाजुभाइ मिलेर रिटेलिङको काम गर्दै आएका थियौं। दाजु मनोजकुमार जोशीसँग जिप कार चलाउने सवारी चालक अनुमति पत्र छ। मृतकका आफन्तलाई क्रिया खर्चको रकम दिई सकेको छु। बाँकी क्षतिपूर्ति रकम सम्बन्धमा नियमानुसार प्राप्त हुनेछ। उक्त मिनि ट्रकको इन्सोरेन्स एन.एल.जि. कम्पनी लिमिटेड धनगढीमा गराएको छु भन्नेसमेत बेहोराको मिनी ट्रकका संचालक मणिराज जोशीको कागज।

८. मिति २०७३।०८।०१ गतेका दिन कामको सिलसिलामा धनगढीतर्फ जाँदै थिए। ऐ. बिहानको समयमा जिल्ला डोटी छतिवन गा.बि.स.वडा नं.८ धारापानी भन्ने स्थानमा पुग्दा आउने जाने गाडीहरु रोकिएको देखी के भएको रहेछ भनी आफू चढेको गाडीबाट ओर्ली हेर्दा से १ ख ५३६ नं. को मिनी ट्रक रोकिएको अवस्थामा थियो। नजिकै मृतक सुशान्त रावलको मृतक लास देखी के भएको हो भनी सोही स्थानमा भएका मानिसहरुलाई बुझ्दा प्रतिवादी मनोजकुमार जोशीले उक्त मिनी ट्रक स्टार्ट गरी अगाडि बढाउँदा पसलको आँगनमा खेली रहेको मृतक सुशान्त रावललाई अचानक ठक्कर लाग्न गई घटनास्थलमै मृत्यु भएको रहेछ भन्ने थाहा पाएको हुँ। उक्त दुर्घटना चालकको लापरवाहीबाट नभई अचानक हुन गएको हो भन्नेसमेत बेहोराको दिपबहादुर मलासीको घटना विवरण कागज।

९. मिति २०७३।०८।०१ गतेका दिन कामको सिलसिलामा धनगढीतर्फ जाँदै थिएँ। ऐ. बिहान अन्दाजी १०:०० बजेको समयमा जिल्ला डोटी छतिवन गा.बि.स.वडा नं. ८ धारापानी भन्ने स्थानमा पुग्दा आउने जाने गाडीहरु रोकिएको देखी के भएको रहेछ भनी आफू चढेको गाडीबाट ओर्ली हेर्दा से १ ख ५३६ नं.को मिनी ट्रक रोकिएको अवस्थामा थियो। नजिकै मृतक सुशान्त रावलको मृतक लास देखी के भएको हो भनी सोही स्थानमा भएका मानिसहरुलाई बुझ्दा प्रतिवादी मनोजकुमार जोशीले उक्त मिनी ट्रक स्टार्ट गरी अगाडि बढाउँदा पसलको आँगनमा खेली रहेको मृतक सुशान्त रावललाई अचानक ठक्कर लाग्न गई घटनास्थलमै मृत्यु भएको रहेछ भन्ने थाहा पाएको हुँ। उक्त दुर्घटना चालकको लापरवाहीबाट नभई अचानक हुन गएको हो भन्नेसमेत बेहोराको पदमप्रसाद गुरुङको घटना

विवरण कागज।

१०. मिति २०७३।०८।०१ गतेका बिहान प्रतिवादी मनोजकुमार जोशीले मेरो पसल अगाडि रोकी राखेको से. १ ख. ५३६ नं. को मिनि ट्रक चलाई अगाडि बढाउन खोज्दा ट्रकमुनी रहेको मेरो नाति सुशान्त रावललाई ठक्कर दिई च्यापी घटनास्थलमै मृत्यु भएको हो। उक्त घटना अचानक हुन गएको हो। कृया खर्च पाईसके क्षतिपूर्तिको रकम नियमानुसार प्राप्त हुने छ भन्ने जाहेरवाला बासु सिंह रावलको कागज।

११. मिसिल संलग्न आधार प्रमाणहरूबाट मिति २०७३।८।१ गतेको तिर जिल्ला डोटी छतिवन गा.वि.स. वडा नं. ८ को धारापानी स्थित जाहेरवालाको पसलको आँगनमा रोकी राखेको से१ख ५३६ नं. को मिनी ट्रक प्रतिवादी चालक मनोजकुमार जोशीले आफूसाथ मिनी ट्रक चलाउने अनुमति पत्र नभएको जानी जानी आफ्नो भाइ उक्त ट्रकको मालिक तथा सवारी चालक मणीराज जोशी दिसा पिसाब गर्न गएको अवस्थामा आफू साथ भएको ट्रकको चाबीले ट्रक स्टार्ट गरी अगाडि बढाउने क्रममा जाहेरवालाको वर्ष २ को नाती सुशान्त रावललाई ठक्कर दिई च्यापी घटनास्थलमा नै मृत्यु भएको देखिँदा निज प्रतिवादी मनोजकुमार जोशीको उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी मनोजकुमार जोशीलाई सोही ऐनको दफा १६१(२) बमोजिम सजाय हुन तथा प्रतिवादी मनोजकुमार जोशीले आफूसाथ दुर्घटना भएको मिनी ट्रक चलाउने अनुमति पत्र नभै सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा १६१(२) बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादी मनोजकुमार जोशीलाई सोही ऐनको दफा १६१(४) बमोजिम थप सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोग मागदाबी।

१२. मिति २०७३।०८।०१ गते जिल्ला डोटी, छतिवन गा.वि.स. वडा नं.८ मा म पसलमा सामानको पैसा उठाउन लागेको बेलामा गाडी चालक मेरो भाइ मणीराज जोशी उक्त स्थानबाट अगाडि पिसाब फेर्न गएको बेलामा मैले गाडीलाई भाइ भएको स्थानसम्म लिन भनी गाडीको चारैतिर हेरी गाडी चलाउन खोज्दा आँगनमा खेलिरहेको बच्चा एक्कासी गाडी भएको स्थानमा आई गाडीको पछाडिको चक्कामा च्यापिन गएको हो। त्यसपछि म गाडीबाट ओर्ली मृतक बच्चा भएको ठाउँमा आउँदा मृतकका बाजे जाहेरवालाले तिम्रो गल्ती छैन बाबु हाम्रो लापरवाहिले नै बच्चा च्यापिन गएको हो भन्दै मलाई घरमा लुकाएर राखेका

हुन पछि मृतकका बाबु आई घरमा बच्चा यसरी किन छोडेको भन्दै सामान तोडफोड गर्न थालेपछि मलाई त्यहाँबाट भगाई अर्को ठाउँमा लुक्न पठाएका हुन्। घटनापूर्व बच्चा निजका अविभावकसँग आँगनमा खेलिरहेको थियो। मैले जानीजानी दुर्घटना नगराएकोले मलाई अभियोग मागदाबी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार जोशीले शुरु अदालतमा गरेको बयान।

१३. वारदातको दिन म घटनास्थलबाट ३ किलोमिटर टाढा रहेको मेरो घरमा थिए उक्त दिन प्रतिवादी मनोजकुमार जोशीले जाहेरवाला दाजुको आँगनमा खडा गरी राखेको मिनिट्रकलाई अगाडि बढाउन खोज्दा आँगनमा खेलिरहेको बच्चा एक्कासी गाडी भएको ठाउँमा जान पुग्दा गाडीको पछाडिको चक्काले किचेको कुरा सुनी थाहापाई सो स्थानमा जाँदा मृतक बच्चाको कानबाट गिदी निस्किएको थियो भने अन्य चोटपटक केही लागेको थिएन। वारदात मितिका दिन घरमा त्यती ठुलो घटना घटेका कारण मैले घटनास्थल लासजाँच प्रकृति मुचुल्कामा नपढेर नै हस्ताक्षर गरेको हुँ। मृतकलाई गाडीको अगाडिको भागले किचेको नभई गाडीको पछाडिको भागले किचेको हो भन्नेसमेत बेहोराको वादीका साक्षी रामबहादुर रावलको बकपत्र।

१४. उक्त दिन म आफ्नै घरमा रहेको बेलामा प्रतिवादी मनोजकुमार जोशीले चलाएको मिनीट्रकले मृतकलाई किचेको कुरा थाहा पाई करिब डेढ घण्टापछि घटनास्थलमा पुग्दा सो ठाउँमा प्रहरी लगाएत मानिसहरुको ठुलो जमघट रहेको थियो सो ठाउँमा मैले प्रतिवादी र ट्रकलाई देखेन मैले सुने अनुसार मृतक बच्चा आँगनमा खेलीराखेको अवस्थामा प्रतिवादी मनोजकुमार जोशीले सोही आँगनमा रोकी राखेको मिनिट्रकलाई चलाउन खोज्दा मृतक बच्चा एक्कासी ट्रकको पछाडिको चक्कामा परेको कुरा भन्ने कुरा सनेको हुँ भन्नेसमेत बेहोराको वादीका साक्षी रणबहादुर बिष्टको बकपत्र।

१५. मिति २०७३।०८।०१ गतेको बिहानको समयमा मेरो होटलको आँगनमा खेली राखेको मेरो छोरा मृतक सुसान्त रावलको प्रतिवादी मनोजकुमार जोशीले चलाएको मिनिट्रकको पछाडिको टायरले किची मृत्यु भएको हो। उक्त समयमा म धनगढी जाँदै थिए पछि बिच बाटोमा जाहेरवाला मेरा बुवाले घटनाको बारेमा जानकारी गराउँदा म घटनास्थलमा फर्केको हुँ भन्नेसमेत बेहोराको मृतकका बुबा शंकरबहादुर रावलको बकपत्र।

१६. मिति २०७३।०८।०१ गतेको बिहानको समयमा मेरो होटलको आँगनमा खेली राखेको

मेरो नाती मृतक सुसान्त रावललाई प्रतिवादी मनोजकुमार जोशीले चलाएको ट्रकले किची मृत्यु भएको हो। प्रतिवादीले चलाएको मिनिट्रकको पछाडिको टायरले किच्दा मृतकको मृत्यु भएको हो। तत्पश्चात् चालकलाई स्थानीय मानिसहरुले कुटपिट गर्न सक्छन भनी मैले निज चालकलाई जंगलतिर भगाएको हुँ। मैले जाहेरी दरखास्त दिंदा रिसको आवेगमा आई प्रतिवादीले लापरवाहीपूर्वक गाडी चलाउँदा मेरो नातीको मृत्यु भएको हो भनी झुट्टा बेहोरा लेखाएको हुँ। मेरो नातीको मृत्यु प्रतिवादीले लापरवाहीपूर्वक गाडी चलाउँदा भएको नभई एक्कासी खेल्ने क्रममा बच्चा गाडीको पछाडिको भागमा ठोक्किन पुग्दा भएको हो भन्नेसमेत बेहोराको जाहेरवाला बासु सिंह रावलको बकपत्र।

१७. म वारदातको दिन म धनगढीबाट मोटरसाइकल चढी डोटी सिलगढी आउने क्रममा धारापानी भन्ने ठाउँमा मानिसहरुको भिड देखी के भएको रहेछ भनी बुझ्दा आँगनमा खेल्दै गरेको बच्चा एक्कासी गाडीको पछाडिको भागमा ठोक्किन पुगी मृत्यु भएको र उक्त घटना प्रतिवादीको लापरवाहीका कारण भएको नभई भवितव्यमा परी बच्चाको अचानक मृत्यु हुन गएको भन्ने कुरा त्यहाँ उपस्थित गाउँले दाजुभाइबाट सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी अमिर रानाको बकपत्र।

१८. वारदातको दिन म सिलगढीबाट धनगढीका लागि हाईसमा जाने क्रममा घटनास्थलमा पुग्दा मानिसहरुको भिडभाड देखी के भएको रहेछ भनी म समेतका मानिसहरु गाडिबाट ओर्ली बुझ्दा प्रतिवादी मनोजकुमार जोशीले आँगनमा रोकी राखेको मिनिट्रक स्टाट गरी अगाडि बढाउन खोज्दा सोही आँगनमा खेली राखेको मृतक बच्चा एक्कासी ट्रकको पछाडिको भागमा ठोक्किन गई मृत्यु भएको कुरा सुनी थाहा पाएको हुँ। सो घटना प्रतिवादीको लापरवाहीले भएको नभई बच्चा खेल्ने क्रममा एक्कासी गाडीको मुनी जाँदा भएको हो भनी सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको वादीका साक्षी पदम प्रसाद गुरुङ्गको बकपत्र।

१९. वारदात मितिमा म चालक भएको से.१.ख ५३६ नं. को मिनिट्रक मैले चलाई जोगबुडाबाट घटना घटेको स्थानमा पुगी गाडी रोकी आफू साथ भएको चाबी लगी केही अगाडि दिसा पिसाब गर्न गएको अवस्थामा पहिले पसलमा छोडेको सामानको पैसा उठाउन भनी प्रतिवादी दाई मनोजकुमार जोशी पसलमा गई सामानको पैसा उठाई रोकी राखेको मिनिट्रकलाई आफूसाथ भएको चाबीले स्टाट गरी अगाडि बढाउन खोज्दा आँगनमा खेली राखेको बच्चा एक्कासी ट्रक मुनी पसी अचानक पछाडिको टायरले किच्न गई मृत्यु भएको हो भन्नेसमेत

बेहोराको मौकामा बुझिएका मणीराज जोशीको बकपत्र।

२०. मिति २०७३।०८।०१ गते म सिलगढीबाट हाईसमा चढी धनगढी जाँदै गर्दा छतिवन गा.वि.स.को धारापानी भन्ने ठाउँमा मानिसहरुको भिड देखी के भएको रहेछ भनी गाडीबाट ओर्ली हेर्दा प्रतिवादी मनोजकुमार जोशीले चलाएको मिनिट्रकको पछाडिको चक्काले मृतक सुशान्त रावललाई किची मृत्यु भएको कुरा सुनी थाहा पाएको हुँ। सो घटनाका सम्बन्धमा त्यहाँ रहेका मानिसहरुलाई सोध्दा प्रतिवादी मनोजकुमार जोशीले जानी जानी उक्त घटना घटाएको नभई मृतक बालक खेल्ने क्रममा गाडीको पछाडिको चक्कामा किचिन पुगेको कुरा मैले सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी गणेशबहादुर मलासीको बकपत्र।

२१. प्रतिवादी मनोजकुमार जोशीले मिनिट्रक चलाउने मझौला सवारी चालक अनुमति पत्र प्राप्त नगरी सवारी चलाई मृतक बालकलाई ठक्कर दिई मृत्यु भएको देखिएकाले निज प्रतिवादीको उक्त कार्य लापरवाही पूर्वक गरिएको देखिएकाले सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम कैद वर्ष २(दुई) हुने ठहर्छ। निजले सवारी चालक अनुमति पत्र प्राप्त नगरी सवारी चलाएको कारण बालकको मृत्यु भएकाले उक्त ऐनको दफा १६१(४) नं. बमोजिम रु.२,०००।-(दुई हजार) जरिवानासमेत हुने ठहर्छ भन्ने सुरु डोटी जिल्ला अदालतको मिति २०७३।११।५ को फैसला।

२२. डोटी जिल्ला अदालतले मलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) र (४) बमोजिम २ वर्ष कैद र रु.२,०००।- जरिवाना हुने गरी गरेको फैसला सो हदसम्म उल्टी गरी सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम मलाई न्युनतम जरिवाना हुने गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार जोशीको पुनरावेदन पत्र।

२३. सुरु डोटी जिल्ला अदालतबाट मिति २०७३।११।५ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा विचारणीय देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा उच्च अदालत नियमावली, २०७३ को नियम ११२ बमोजिमको लागि श्री उच्च सरकारी वकिल कार्यालय दिपायललाई आदेशको प्रतिलिपि सहित पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने उच्च अदालत दिपायलको मिति २०७४।०१।३१ को आदेश।

प्रतिवादी मनोजकुमार जोशीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को देहाय २ बमोजिम कसुर अपराधमा ऐ. ऐनको दफा १६१(२) बमोजिम २ वर्ष कैद र सवारी चालक अनुमतिपत्र नभएको उल्लेख गरी ऐ. ऐनको दफा ४ बमोजिम थप रु.२,०००।-जरिवाना हुने ठहऱ्याई भएको सुरु डोटी जिल्ला अदालतको मिति २०७३।११।५ को फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम निज प्रतिवादीलाई ८ महिना ७ दिन कैद र ऐ. दफा ४ अनुसार रु.१,०००।- जरिवाना हुने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७४।४।१० मा उच्च अदालत दिपायलबाट भएको फैसला।

२५. प्रतिवादी मनोजकुमार जोशीले मिनिट्रक चलाउने सवारी चालक अनुमति पत्र प्राप्त नगरी सवारी चलाई मृतक बालकलाई ठक्कर दिई मृत्यु भएको देखिएकाले निज प्रतिवादीको उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को परिभाषा बमोजिम लापरवाही पूर्वक सवारी चलाएको देखिएको अवस्थामा प्रतिवादीलाई अभियोग दाबी भन्दा कम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६७ (३) बमोजिम सजाय गर्ने गरी उच्च अदालत, दिपायलबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी निज प्रतिवादीलाई सुरु अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको दोहोऱ्याई पाउँको निवेदन।

२६. यसमा प्रतिवादी मनोजकुमार जोशीले आफूसँग मिनी ट्रक सवारी चलाउने अनुमतिपत्र नभएको अवस्थामा लापरवाहीपूर्वक मिनी ट्रक चलाउँदा वारदात हुन गएको देखिएको अवस्थामा उच्च अदालत दिपायलको मिति २०७४।४।१० को फैसलामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) को व्याख्यात्मक त्रुटि देखिनुको साथै ने.का.प. २०७०, अङ्क ११, नि.नं. ९०७३ मा यस अदालतबाट प्रतिपादित सिद्धान्त विपरीतसमेत भएकोले न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गरी पेश गर्नू भन्नेसमेत बेहोराको मिति २०७४।१२।६ मा यस अदालतबाट भएको आदेश।

## ठहर खण्ड

२७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले यी प्रतिवादी मनोजकुमार जोशीले चलाएको मिनी ट्रकले किची बालक सुशान्त रावलको मृत्यु भएको छ। यी प्रतिवादीसँग मिनी ट्रक चलाउने सवारी चालक अनुमतिपत्र छैन। यसरी निज प्रतिवादीले मिनी ट्रक चलाउने अनुमतिपत्र नभएको अवस्थामा लापरवाहीपूर्ण तवरले सवारी चलाई बालक सुशान्त रावलको मृत्यु भएको अवस्थामा यी प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी ऐ.दफाको ३ बमोजिम घटी सजाय गर्ने गरी उच्च अदालत दिपायलबाट भएको फैसला बदर गरी प्रतिवादीलाई सुरु अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

२९. उपर्युक्त बहस सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा, मिति २०७३।०८।०१ का बिहान प्रतिवादी मनोजकुमार जोशीले चलाएको से १ख ५ ३ ८ नं.को मिनी ट्रकले २ वर्षको बच्चा सुशान्त रावललाई किचेर मृत्यु भएकाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसारको कसुर हुन गएकोले ऐ १६१(२) अनुसार सजाय गरी मिनीट्रक चालक अनुमतिपत्र बिना सवारी चलाएकाले ऐ १६१(४) नं. अनुसार थप सजायसमेत गरी पाउँ भनी अभियोग दाबी भएकोमा प्रतिवादीलाई अभियोग दाबी अनुसारको कसुर कायम गरी २ वर्ष कैद र रु.२०००।- जरिवाना हुने गरी सुरु डोटी जिल्ला अदालतबाट फैसला भएकोमा उक्त फैसलामा चित्त नबुझी प्रतिवादीले उच्च अदालत दिपायलमा पुनरावेदन गरेकोमा उक्त अदालतबाट प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम निज प्रतिवादीलाई ८ महिना ७ दिन कैद र ऐ. दफा ४ अनुसार रु.१,०००।- जरिवाना हुने ठहराई फैसला भएको देखिन्छ। उक्त फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई पाउनको लागि निवेदन दिई मुद्दा दोहोऱ्याई पाउने निस्सा प्राप्त भई पुनरावेदनको रोहमा दर्ता हुन आएको देखियो।

३०. प्रस्तुत मुद्दामा उच्च अदालत दिपायलबाट भएको फैसला मिलेको छ वा छैन? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

३१. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी मनोजकुमार जोशीले अधिकार प्राप्त अधिकारी र अदालतमा

बयान गर्दा आफूले चलाएका अवस्थामा मृतकलाई किचेको कुरामा साबिती रही बयान गरेको र मिसिल संलग्न अन्य प्रमाणहरुबाट पनि सो तथ्य पुष्टि भइरहेको हुँदा प्रतिवादी मनोजकुमार जोशीले चलाएको से१ख ५३६ नं.को मिनी ट्रकले २ वर्षको बच्चा सुशान्त रावललाई किचेर मृत्यु भएको तथ्यमा कुनै विवाद देखिँदैन। यसैले प्रतिवादीले चलाएको सवारीबाट वारदातका घटित भएको भन्ने सम्बन्धमा थप विश्लेषण गरिरहन परेन। साथै, प्रतिवादीलाई भएको सजायउपर निजको पुनरावेदन परेको नदेखिएकोले त्यसतर्फ पनि हेरिरहन परेन। वादी नेपाल सरकारले अभियोग दाबीभन्दा कम सजाय हुने कसुरमा सजाय गरेको उच्च अदालत अदालत दिपायलबाट भएको फैसला त्रुटिपूर्ण भन्ने नै मुख्य पुनरावेदन जिकिर रहेकाले प्रस्तुत वारदातमा वादी नेपाल सरकारले अभियोजन गरे अनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसारको कसुर कायम हुने हो वा उच्च अदालत दिपायलले सजाय गरेको दफा १६१(३) आकर्षित हुने हो भन्ने कुरा नै निरुपण गर्नुपर्ने देखियो।

३२. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा वारदात हुँदाका अवस्थामा *"कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची ठक्कर लागि वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन, ज्यानसम्बन्धी महलमा उल्लिखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यानमार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको थियो। यसरी नै सोही दफाको उपदफा (३) मा *"कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको छ।

३३. उल्लिखित कानूनी व्यवस्था हेर्दा, सवारी दुर्घटनाबाट मृत्यु भएको कसूरमा उपदफा (२) वा

उपदफा (३) कुन कानूनी व्यवस्था आकर्षित हुने हो भन्ने सम्बन्धमा मुद्दामा रहेका तथ्य र प्रमाणका आधारमा पहिचान गर्नुपर्ने हुन्छ। लापरवाहीजन्य कसूरमा परिणामको पूर्वज्ञान भएको तर त्यस्तो परिणामको चाहना नराखेको र त्यस्तो परिणाम निस्कन सक्छ भन्ने निश्चितता समेत नभएको अवस्थामा कुनै व्यक्तिबाट गैरकानूनी जोखिम लिइ केही कसूर भएको हुन्छ। लापरवाही स्थापित गर्न प्रतिवादीलाई निजले घटना घटाएको समयमा त्यस्तो निषेध गरिएको परिणाम अर्थात मानिस मर्न सक्छ भन्ने कुराको जानकारी भएको हुनुपर्ने मानिन्छ। साथै, त्यस्तो परिणामको पूर्वज्ञान भएको तर त्यस्तो परिणामको अपेक्षा गरेको थिएन भन्ने तथ्य पनि स्थापित हुनुपर्ने हुन्छ। यस्तो पूर्वज्ञान हुँदाहुँदै पनि जोखिम उठाउँछ र त्यस्तो जोखिमपूर्ण कार्य गर्नाले कसैको मृत्यु हुन्छ भने त्यसरी भएको मृत्युलाई लापरवाहीयुक्त कसूर भनिन्छ।

३४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ ले ***"कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउन हुँदैन"*** भन्ने कानूनी व्यवस्था गरेको छ। विधायिकाले सवारी चालक अनुमतिपत्र बिना सवारी चलाउने कुराको निषेध गर्नुका पछाडि निज सवारी चलाउन असक्षम रहेको वा सवारी चलाउन आधारभूत शर्त पूरा नभएको वा त्यसको क्षमता रहेको हुँदैन भन्ने मान्यता नै अन्तरनिहित रहेको छ। चालक अनुमतिपत्र नभई सवारी चलाउने कार्य कसैबाट नहोस भनी सवारी चलाउन आधारभूत योग्यता सवारी चालक अनुमतिपत्र अनिवार्य रुपमा आवश्यक पर्ने भनी कानूनमा व्यवस्था गरेको र यस व्यवस्थामा सवारी दुर्घटनाबाट हुनसक्ने जीउधन माथिको सम्भावित जोखिम हटाउने नै विधिकर्ताको उद्देश्य, अभिप्राय र मनसाय रहेको देखिन्छ। यसैले, कसैले यस्तो सवारी चलाउन पाउने आधारभूत शर्तको रुपमा रहेको सवारी चालक अनुमतिपत्र नै नभएको वा एक वर्गको सवारी चलाउने अनुमतिपत्र लिएकोमा अनुमति नभएको अर्को वर्गको सवारी चलाउँछ र दुर्घटना हुन्छ भने त्यस्तो कार्य लापरवाहीजन्य कार्य मानिने हुन्छ। सवारी चलाउन आवश्यक अनुमतिपत्रको अभावमा कसैले सवारी चलाउँदा दुर्घटना भई मानिस मर्न सक्छ भन्ने सामान्य समझको कुनै पनि व्यक्तिलाई स्वतः जानकारी हुने विषय भएको र त्यसरी जानकारी हुँदाहुँदै संभावित जोखिम उठाएको देखिएकाले सम्बन्धित वर्गको चालक अनुमतिपत्र बिना सवारी चलाउँदा दुर्घटना भएको अवस्थामा त्यसलाई लापरबाहीजन्य कसूर मान्नुपर्ने हुन्छ। यस सन्दर्भमा यस अदालतबाट देहायको व्याख्या भएको छ।

"सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एकअर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ। यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ जसमा उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिमको सजाय हुने।"[1]

३५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) मा "*कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने*" व्यवस्था गरिएको छ। प्रस्तुत व्यवस्थामा विधिकर्ताले हेलचेत्र्याइँ (Negligence) बाट भएका सवारीजन्य कसूरलाई सम्बोधन गर्न खोजेको देखिन्छ। हेलचेत्र्याइँ र लापरवाहीको फरक छुट्टाउनका लागि परिणामको पूर्वज्ञान र परिणामको इच्छा तत्वलाई नै हेर्नुपर्ने हुन्छ। हेलचेत्र्याइँ मा प्रतिवादीलाई परिणामको पूर्वज्ञान र परिणामको इच्छा दुवै हुँदैन। लापरबाहीमा परिणामको जानकारी हुँदाहुँदै पनि अनुचित जोखिम लिएर कार्य गर्न उद्यत हुन्छ तर हेलचेत्र्याइँमा परिणामको ख्याल नै गरिएको हुँदैन, अकास्मत परिणाम निस्कन्छ। आफूले सवारी चलाउन पाउने अनुमतिपत्र सवारी चलाउन सक्षम छ भनी आधिकारिक निकायबाट गरिने पुष्टि वा प्रमाण हो। यस्तो अनुमतिपत्र नभईकन सवारी चलाउँदा दुर्घटना भई सो दुर्घटनाबाट मानिस मर्न सक्छ भन्ने जानकारी हुनु स्वभाविक विषय भएकाले प्रस्तुत मुद्दामा मानिस मर्नसक्छ भन्ने पूर्व ज्ञान नभएको अवस्था मान्न मिल्ने हुँदैन।

३६. यस अदालतबाट **ईन्द्रप्रसाद खनाल विरूद्ध नेपाल सरकार** भएको सवारी ज्यान मुद्दामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) वा उपदफा (३) कुन

[1] ने.का.प. २०७५ अङ्क ३ निर्णय नं. ९९६५

आकर्षित हुने भन्ने सम्बन्धमा देहायको सिद्धान्त प्रतिपादन भएको छ।

*"सम्भावित परिणामप्रति जानकार हुँदाहुँदै, परिणामको चाहना नगर्दा नगर्दै पनि उसले आफ्नो कार्यलाई निरन्तरता दिन अनुचित जोखिम लिन्छ र आपराधिक घटना घट्न पुग्दछ। मनसाय तत्वको रुपमा लापरवाहीको यस्तो अवस्थालाई आपराधिक मनसायको दोस्रो तहमा राखिएको छ। यस्तोमा पहिलो अवस्थाको भन्दा कम फौजदारी दायित्व बहन गराउने आधार प्रतिवादीमा परिणामको इच्छा नहुनु नै हो। तर तुलनात्मक रुपमा हेलचेक्र्याइँ (Negligence) भन्दा बढी आपराधिक दायित्व बहन गराउने आधार वारदातका सम्बन्धमा प्रतिवादीमा रहेको परिणामको पूर्वज्ञान हो। मनसाय तत्वको तेस्रो र तल्लो तहको रुपमा उक्त दफा १६१ को उपदफा (३) मा हेलचेक्र्याइँ (Negligence) लाई राखिएको देखिन्छ। अपराधको मनसाय तत्वको रुपमा हेलचेक्र्याइँमा प्रतिवादीलाई परिणामको पूर्वज्ञान र परिणामको इच्छा दुवै हुँदैन। तर प्रतिवादीबाट हुन गएको कार्य सामान्य समझ भएको व्यक्तिले त्यस्तै अवस्थामा गर्ने वा गर्नुपर्ने कार्यको सामान्य स्तरभन्दा निम्नस्तरको हुन्छ र त्यसको परिणाममा कुनै घटना घट्न पुग्दछ।"*[२]

३७. यी प्रतिवादी मनोजकुमार जोशीले कार, जीप र डेलिभरी भ्यान जस्तो हलुका सवारी साधनहरू मात्र चलाउन पाउने गरी (B) वर्गको अनुमतिपत्र लिएको देखिन्छ। निजले मिनीट्रक जस्ता सवारी साधन चलाउने अनुमतिपत्र प्राप्त गरेको देखिँदैन। जुन वर्गको सवारी चलाइन्छ सो वर्गको सवारी साधन चलाउने अनुमति पत्र लिनुपर्ने व्यवस्था ऐच्छिक नभई ऐनले गरेको अनिवार्य व्यवस्था हो। यसैले सवारी साधन चलाउने सम्बन्धित वर्गको अनुमति पत्र नभएको व्यक्तिले अर्को वर्गको असम्बन्धित सवारी चालक अनुमतिपत्रका आधारमा त्यस्तो सवारी साधन चलाउन मिल्ने हुँदैन। सम्बन्धित वर्गको सवारी चालक अनुमतिपत्र नभएको अवस्थामा अर्को वर्गको सवारी चालक अनुमतिपत्र भएको आधारमा सो सवारी चालक अनुमति रहेको भन्ने कानूनन् मिल्ने हुँदैन। सम्बन्धित वर्गको अनुमितपत्र नभई अर्को वर्गको सवारी चालक अनुमतिपत्र हुनु भनेको सम्बन्धित सवारी चालक अनुमतिपत्र नभएको नै मानिन्छ। यी प्रतिवादी मनोजकुमार जोशीसँग हलुका सवारी साधन चलाउने अनुमतिपत्र मात्र भएको र भारी सवारी साधन चलाउने अनुमति प्राप्त नगरेको अवस्थामा

[२] ने.का.प. २०६८अङ्क ७ निर्णय नं.८६५९

आफूसँग भएको भएको सवारी अनुमतिपत्र भन्दा भिन्न सवारी चालक अनुमतिपत्र नभएको वर्गको सवारी साधन मिनीट्रक चलाउँदा दुर्घटना भएको देखिँदा सो दुर्घटना लापरवाहीपूर्वक सवारी चलाउँदा भए गरेको देखिन आयो।

३८. यस सम्बन्धमा यस अदालतबाट **नेपाल सरकार विरुद्ध राजकुमार तामाङसमेत** भएको **सवारी ज्यान** मुद्दामा देहायको व्याख्या भएको छ।

> ***"यी प्रतिवादी राजकुमार तामाङसँग हलुका सवारी साधन चलाउने अनुमतिपत्र मात्र भएको र भारी सवारी साधन चलाउने अनुमति प्राप्त नगरेको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाको नजरअन्दाज गरी महिनौंदेखि भारी सवारी साधन चलाई निजले जानीजानी जोखिम उठाएको कुरामा विवाद हुन सक्दैन। त्यसकारण निजको उक्त कार्य उल्लिखित कानूनी व्यवस्थाहरूलाई मध्यनजर राखी आनुषंगिकरूपमा व्याख्या गर्दा सवारी साधन चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने कार्य गरेको देखिँदा निजले गरेको उक्त कार्यलाई लापरवाहीयुक्त मान्नुपर्ने हुन्छ"।***[३]

३९. माथि उल्लिखित कानूनी व्यवस्था तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तहरुको आधारमा यी प्रतिवादी मनोजकुमार जोशीले दुर्घटना भएको सम्बन्धित वर्गको सवारी साधन चलाउने अनुमतिपत्र नलिएको, एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको सवारी साधन चलाउने कार्य गरेको देखिँदा निजले गरेको उक्त कार्यलाई लापरवाहीयुक्त कार्य मान्नुपर्ने भई यी प्रतिवादी मनोजकुमार जोशीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिमको कसुर गरेको पुष्टि भइरहेको अवस्थामा अभियोग दाबीभन्दा कम सजाय हुने गरी ऐ दफा १६१(३) बमोजिम सजाय गर्ने गरी उच्च अदालत दिपायलबाट भएको फैसला सो हदसम्म मिलेको देखिएन।

४०. तसर्थ, उल्लिखित आधार कारण समेतबाट प्रतिवादी मनोजकुमार जोशीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ८ महिना ७ दिन कैद ऐ. उपदफा ४ बमोजिम र रू.१०००।– जरिवाना हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७४।४।१० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भै प्रतिवादी मनोजकुमार जोशीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा

---

[३] नेकाप २०७० अङ्क ११ नि.नं.९०७३

१६१(२) अन्तर्गतको कसूर गरेको देखिँदा निजलाई उक्त ऐनको दफा १६१(२) बमोजिम २ वर्ष कैद र सोही ऐनको दफा १६१(४) बमोजिम थप रू.२,०००।–दुई हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर्छ। अरुमा तपसिलबमोजिम गर्नू।

## तपसिल

१. माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी मनोजकुमार जोशीलाई २(दुई) वर्ष कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवानासमेत ठहरी यस अदालतबाट फैसला भएको हुँदा कैदको हकमा प्रतिवादी मनोजकुमार जोशी मिति २०७३।८।२ देखि मिति २०७४।४।९ सम्म प्रहरी हिरासत र कैदमा मा बसेको अवधि कैद ८ महिना ७ दिन कट्टा गरी बाँकी कैद (एक) वर्ष ३ (तीन) महिना २३ (तेइस) दिन कैद बेरूजु हुँदा उक्त कैदको लगत कसी असूल गर्नु साथै जरिवानाको हकमा प्रतिवादीले मिति २०७४।४।१० मा र.नं. ००६ मार्फत डोटी जिल्ला अदालतमा रु.१०००।- (एक हजार रुपैयाँ) दाखिला गरेको देखिँदा बाँकी जरिवाना रु.१०००।- (एक हजार रुपैयाँ) को लगत कसी असुलउपर गर्नु भनी यो फैसलाको प्रतिलिपि साथै राखी सुरु जिल्ला अदालतमा लेखी पठाउनू।

२. प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

३. नक्कल माग्ने सरोकारवालाहरुलाई नियमानुसार नक्कल दिनू।

४. प्रस्तुत मुद्दाको फैसलाको विद्युतीय प्रति अपलोड गरी मुद्दाको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

(महेश शर्मा पौडेल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(प्रकाशमान सिंह राउत)
न्यायाधीश

इजलास अधिकृतः सुशिल आचार्य
कम्प्युटर अपरेटरः सुप्रभा अर्याल
इति संवत् २०८० साल पौष महिना २४ गते रोज ३ शुभम् ...............................।